**कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औं अधिवेशन अन्तर्गत मिति २०८० आषाढ १० गते बसेको बैठकको निर्णयहरू**

प्रस्तावहरू

१. गाउँसभाको १४ औं अधिवेशनको दोस्रो बैठकको शुन्य समय,

२. कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० पारित सम्बन्धमा,

३. कञ्चन गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८० पेश गर्ने सम्बन्धमा ।

४. कञ्चन गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० पेश गर्ने सम्बन्धमा,

५. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८०, आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम र आ.व. २०८०/८१ का लागि संचालन हुने कार्यक्रमहरूको खर्च तथा सेवा सुविधा सम्बन्धी मापदण्ड सम्बन्धमा,

६. विविध ।

निर्णयहरू

**१. गाउँसभाको १४ औं अधिवेशनको दोस्रो बैठकको शुन्य समय**

कञ्चन गाउँपालिकाको गाउँसभाको १४ औं अधिवेशनको दोस्रो बैठकको शुन्य समयमा लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभा कार्य सञ्चालन कार्यविधि, २०७६ को दफा २४ उपदफा १ बमोजिम शुन्य समयमा देहाय बमोजिमका सदस्यहरूले राख्नु भएको जिज्ञासा सम्बन्धमा सोही ऐनको दफा २४ को उपदफा २ बमोजिम सभाध्यक्षबाट ध्यानाकर्षण गराइयो ।

देहाय

भरतलाल यादव

तुल बहादुर गुरूङ्ग

बिष्णु थारू

**२. कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० सम्बन्धमा**

लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १८ बमोजिम विधायन समितिका संयोजक श्री चित्रलाल तुलाचनले पेश गर्नु भएको कञ्चन गाउँपालिकाबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक, २०८० सभा समक्ष निर्णयार्थ पेश हुँदा सर्वसहमतिले पारित गर्ने ।

**३. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८०, विनियोजन विधेयक, २०८०, गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम र आ.व. २०८०/८१ का लागि संचालन हुने कार्यक्रमहरूको खर्च तथा सेवा सुविधा सम्बन्धी मापदण्ड सम्बन्धमा,**

बैठक नं. २ गाउँसभाको चौधौ अधिवेशन /२०८०-०३-१० गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७१(१) को प्रयोजनार्थ कञ्चन गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यूको अध्यक्षतामा मिति २०८० आषाढ ८ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत भई आए बमोजिम गाउँपालिका उपाध्यक्ष श्री मौसमी थापामगरज्यूबाट आगामी आ.व. का लागि देहाय बमोजिम विधेयकहरू सभासमक्ष पेश भयो

<u>देहाय</u>

क. कञ्चन गाउँपालिकाको आर्थिक विधेयक, २०८०,

ख. कञ्चन गाउँपालिकाको विनियोजन विधेयक, २०८०,

ग. कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को अनुमानित आय/व्यय विवरण (शिर्षकगत कार्यक्रम सहित)

घ. कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ का लागि संचालन हुने कार्यक्रमहरूको खर्च तथा सेवा सुविधा सम्बन्धी मापदण्ड ।

**४. कञ्चन गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सम्बन्धमा,**

लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १३ को उपदफा १ बमोजिम कार्यपालिका सदस्य श्री चित्रलाल तुलाचनज्यूले सभासमक्ष कञ्चन गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० पेश भई सैद्धान्तिक पक्षमा सभाका सदस्यहरूद्वारा प्रस्तुत विधेयक उपर सैद्धान्तिक छलफलमा कुनै पनि सदस्यले भाग लिन नचाहेकाले लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १५ को उपदफा १ बमोजिम ४८ घण्टाको समयभित्र संशोधनका लागि समय प्रारम्भ भएको र सोही ऐनको दफा १६(१) बमोजिम दफावार छलफलका लागि विधायन समिति समक्ष पेश गर्नका लागि सर्वसहमतिले स्वीकृत ।

**५. कञ्चन गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८० सम्बन्धमा ।**

लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १३ को उपदफा १ बमोजिम कार्यपालिका सदस्य श्री हरिनारायण थारूज्यूले सभासमक्ष कञ्चन गाउँपालिकाको लेखा समितिको कार्य सम्पादन कार्यविधि, २०८० पेश भई लुम्बिनी प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को दफा १५ को उपदफा १ बमोजिम ४८ घण्टाको समयभित्र संशोधनका लागि समय प्रारम्भ भएको र सोही ऐनको दफा १६(१) बमोजिम दफावार छलफलका लागि विधायन समिति समक्ष पेश गर्नका लागि सर्वसहमतिले स्वीकृत ।

६. विविध

**गाउँसभाको १४ औ अधिवेशनको तेस्रो बैठक आव्हान सम्बन्धमा,**

गाउँसभाको १४ औ अधिवेशनको तेस्रो बैठक मिति २०८० आषाढ १३ गते दिनको १ बजे बस्ने गरी १४ औ अधिवेशनको दोस्रो बैठक स्थगित भयो